मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

# मनराशिसवा नगरपालिकाको सम्मानित (चौधौं) १४ औं नगरसभामा २०८२ साल अषाढ ९ गते नगर प्रमुख श्री मोहन पाण्डेय ज्यूबाट प्रस्तुत

# बजेट, नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८२।०८३

मनराशिसवा नगरपालिका, मनरा, महोत्तरी

मधेश प्रदेश

## उपस्थित अतिथिगण, नगर उपप्रमुख तथा सम्पूर्ण नगरसभा सदस्यज्यूहरू

यस गरिमामय मनराशिसवा नगरपालिकाको १४ औं अधिवेशनको पहिलो बैठकमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु । नगरसभामा नगर प्रमुखको हैसियतले आगामी आर्थिक बर्ष २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु भन्दा पहिले जनतालाई समृद्दि र अधिकारका लागि आफैले निर्णय गर्न सक्ने बनाउने लोकतान्त्रिक पद्धतिको वहाली गर्न आफ्नो अमूल्य जीवनलाई शहादत गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञान शहीदहरुप्रति भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्दै बिभिन्न राजनैतिक परिवर्तनमा नेतृत्व प्रदान गर्ने अग्रजहरु तथा सम्पूर्ण नगरवासीप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले मनराशिसवा नगरपालिकाका कार्यहरूमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गीकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

मनराशिसवा नगरपालिकाको आगामी आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृत्तिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस, राजस्व परामर्श समितिको सिफारिस, संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु, मनराशिसवा नगरपालिकाको आवधिक योजना, लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडी परेका समुदायहरू समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरि हितलाई ध्यानमा राखी नगरको चौतर्फी विकासमा सहयोग पुग्न सक्ने उद्देश्यमा परिलक्षित छ ।

मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मनरा, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

## नगरसभा सदस्यज्यूहरु

अब म मनराशिसवा नगरपालिकाको आ.व. २०८२/०८३ को प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.आर्थिक विकास

### (क) कृषि तथा पशु सेवा

- कृषि बाँध, कुलो पैनी, डिप बोर्डिङ्ग, कृषि बाटो र विद्युतिकरण निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- माटो जाँच शिविर तथा माटो परिक्षण ल्याव संचालनमा ल्याइनेछ ।
- एक वडा एक उत्पादन कार्यक्रम लागु गरिनेछ ।
- प्राङ्गारिक खेति व्यवस्थापन तथा अर्गानिक मल व्यवस्थापन कार्यक्रम ल्याइनेछ ।
- किसानलाई मल खाद तथा विउ विजनको सहज उपलब्धता सुनिश्चित गरिनेछ ।
- पशुहरुको उपचार परजिवी नियन्त्रण तथा पशु खोप व्यवस्थापन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी बिमा प्रिमियम कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- कृत्रिम गर्भाधारण (AI) पशु स्वास्थ्य तथा बाँझोपन शिविर, रेविज रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी उत्पादनको सहज र शुलभ बजार व्यवस्थापन गरिनेछ ।
- कृषि बालीमा वन्यजन्तुले गर्दा हुने हानीलाई घटाउन वन्यजन्तु नियन्त्रणका कार्यक्रमहरु ल्याईनेछ ।
- व्यवसायिक रुपमा माछा पालन, बाखा, कुखुरा पालन जस्ता पशुजन्य उत्पादनलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषक तथा कृषक समूहहरुलाई प्रोत्साहन गरिनुका साथै सो सम्बन्धि कृषक तालिमको व्यवस्था मिलाईनेछ ।
- पोषणयुक्त, विषादीमुक्त रैथानेबाली उत्पादनमा जोड दिइनेछ ।
- मनराशिसवा नगरपालिका क्षेत्र भित्र उखु किसानहरुलाई अनुदानको व्यवस्था मिलाईनेछ ।
- मनराशिसवा नगरपालिका क्षेत्र भित्र किसानहरुलाई धान र गेहूँको विउ ८० प्रतिशत अनुदानमा विउ उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

### (ख) सहकारी तथा वित्तिय सेवा

- यस पालिका अन्तर्गत संचालनमा रहेका सहकारी संस्थालाई कोपोमिसमा आवद्धता गराइनेछ ।
- कोपोमिसमा आवद्ध सहकारी संस्थालाई कोपोमिस प्रणाली सम्बन्धी आवश्यक प्रशिक्षण दिई प्रविधि मैत्री सहकारी बनाईनेछ ।

- सहकारी सम्बन्धी आवश्यक तालिम दिने सूचना सम्प्रेषण गर्ने काममा सहकारी संघ संस्थाहरुको अग्रसरता र सहभागीतालाई प्रोत्साहित गरिनेछ।

- यस नगरपालिमा राजश्व सम्बन्धी सेवाहरु प्रविधि मैत्री (online) माध्यमबाट प्रदान गरिनेछ ।

- स्थानिय व्यापार, व्यवसायको तथ्याङ्क संकलन गरी अध्ययन अनुसन्धान तथा व्यवस्थापन गरिनेछ ।

- करको दायरा फराकिलो बनाई राजश्व अभिवृद्धि गरिनेछ ।

## (ग) पर्यटन तथा उद्योग

- मनराशिसवा नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका क्षेत्रहरुको संरक्षण गरी पर्यटन गर्न सँस्कृति तथा पर्यटन प्रवद्धन समिति गठन गरि कार्य आरम्भ गरिनेछ ।

- पर्यटन तथा नवीन पर्यटकीय सेवाहरुको पहिचान गरी व्यवस्थापन गरिनेछ ।

- नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला, जात्रा, पर्व, भजन आदि जस्ता धार्मिक परम्परा संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सांस्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिंदै लगिनेछ ।

- नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक महत्व बोकेका जस्तैः शन्तरामगढी महादेव सोनौल, भटेरनी पोखरी लगायत अन्य धार्मिक तथा सांस्कृतिक स्थानहरुको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिइनेछ ।

## (घ) उद्यमशिलता प्रवर्द्धन तथा रोजगार

- युवाहरुलाई लक्षित गरी स्वरोजागर, आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- मनराशिसवा नगरपालिकाभित्र रोजगारी सिर्जना गर्न रोजगार सम्मेलनको आयोजना एवं श्रम बैंक संचालनको शुरुवात गरिनेछ ।

- सहकारीको माध्यमवाट गरिब विपन्न वर्गका सदस्यहरुको संलग्नतामै संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका बिच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

- सिप विकास तालिममा समावेशिताको सिद्धान्त अवलम्वन गरिनेछ ।

- मनराशिसवा नगरपालिकाको ५०० जना यूवा र ५०० जना महिलाहरुलाई विभिन्न सिपमुलक, आयआर्जन तालिम संचालन गरी दक्ष जनशक्ति उत्पादन गरी स्वरोजगार सृजना गर्ने निति अवलम्वन गरिनेछ ।

- नगर यूवा उद्यम कार्यक्रम संचालन गरिनेछ ।

## (२) <u>सामाजिक विकास</u>

### (क) <u>शिक्षा,युवा तथा खेलकुद</u>

- यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुमध्ये एउटा विद्यालयमा नमुना खेलकुद मैदान निर्माण गरिनेछ।
- यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरूमा सुलभ र लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरूमा स्वच्छ, सफा खानेपानीको व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
- साक्षरता अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका अन्तर्गका विद्यालयहरूमा विद्यार्थीहरुको अनुपातमा कक्षाकोठा र शिक्षकको व्यवस्थापन कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।
- यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा खेलकुद र शैक्षिक सामाग्रीहरुको यथोचित व्यवस्थापन गरिनेछ।
- यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा फिल्ड व्यवस्थापन गरिनेछ ।
- शिक्षक-शिक्षिकाहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।
- यस नगरपालिका अन्तर्गतका विद्यालयहरुको भौतिक संरचना सुधार गरिनेछ र भवन निर्माणका कार्यहरुलाई प्राथमिकतामा राखिनेछ ।
- यस नगरपालिका अन्तर्गतका २३ वटै सामुदायिक विद्यालयहरुमा computer र printer को व्यवस्थापन गरिनेछ ।
- युवा संस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- वडा नं.३ श्री जनता मा.वि.सोनौलमा कक्षा ११ संचालन गरिनेछ ।
- खेलकुद प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शिशु विकास केन्द्र संचालनको लागी आवश्यक जनशक्ती व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्रको विद्यालयहरुमा क्रमिक रुपमा सि.सि.टि.भी. क्यामरा जडान गरिने व्यवस्था मिलाइनेछ।
- मनराशिसवा नगरपालिका भित्रका मा.वि.विद्यालयहरुमा Computer शिक्षकको व्यवस्थापन गरिनेछ ।
- मनराशिसवा नगरपालिका भित्रको उच्च मा.वि.हरुमा कक्षा ११ मा प्रवेश गर्ने छात्राहरुलाई १(एक) थान साईकल अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

### (ख) <u>स्वास्थ्य</u>

- नगरवासीहरुको स्वस्थ जीवनका लागि स्वच्छ आहार विहारको नीति अवलम्बन गरिनेछ ।

- नगरपालिका भित्रका ०-२३ महिनाका बालबालिकाहरुको पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- मदिरा, सुर्तिजन्य पदार्थ तथा जङ्कफुडको सेवनबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गरिनेछ।

- नगरवासीको स्वास्थ्य सुरक्षार्थ नेपाल सरकार र प्रदेश सरकारसँग गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी उपकरण र दक्ष स्वास्थ्य कर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने नीति ल्याइनेछ ।

- सबै वडाको स्वास्थ्य सेवामा गुणस्तर विकास तथा सेवा प्रवाहमा बढोत्तरी गर्दै लगिनेछ ।

- नसर्ने रोग रोकथाम तथा नियन्त्रणको लागि सबैको पहुँच सुनिश्चित गर्न घरदैलो सामुदायिक स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविका (आमा समुह) तथा स्वास्थ्य व्यवस्थापन समिति र सम्बन्धीत कर्मचारीहरुको क्षमता विकासको कार्यक्रम ल्याइनेछ ।

- आम नागरिकको स्वास्थ्य सेवाको पहुँचलाई ध्यानमा राखी विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

- लागु औषधमुक्त नगरपालिका अभियानलाई निरन्तरता दिइनेछ ।

- प्रजनन स्वास्थ्य अन्तर्गत समुदायमा रहेका महिलाहरूको पाठेघरको मुखको क्यान्सर तथा आङ्ग खस्ने (uterus prolapse), सबै वडामा छनोट कार्यक्रम गरि निःशुल्क शल्यक्रियाको लागि पहल गरिनेछ ।

- संस्थागत पूर्ण सुत्केरी (Zero Home Delivery ) को लागि विभिन्न क्रियाकलापहरु गरि मातृस्वास्थ्य अवस्थामा सुधार गरिनेछ ।

- मातृ स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन सुपानेट झुल निःशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिका भित्र सुत्केरी प्रयोजन तथा आकस्मिक सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

- आधारभुत नगर अस्पताल, मनरामा गुणस्तरीय ल्याव सेवा र इमरजेन्सी सेवालाई थप प्रभावकारी बनाई लगिनेछ।

- निर्माणाधिन नगर अस्पताल भवन निर्माण समयमा पूरा गरी संचालनमा ल्याइनेछ ।

- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रविधि मैत्री बनाइनेछ ।

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

- क्षयरोग मुक्त पालिका बनाउन आवश्यक पहल गरिनेछ।
- सुलभ फार्मेसी सेवालाई निरन्तरता दिइनेछ ।
- आम नागरिकहरुलाई औषधीको पहुँच र उपभोगमा वृद्धि गर्न स्वास्थ्य संस्थाको मागको आधारमा औषधी र उपकरणको व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन न्यूनतम सेवा मापदण्डलाई अझ व्यवस्थित बनाई निरन्तरता दिइनेछ।
- किटजन्य रोग रोकथामको लागि, समय समयमा विषादी छिड्काउ तथा नियन्त्रण कार्यको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहित गर्न प्रोत्साहन रकम तथा विदाइ स्वरुपको रकममा वृद्धि गरि निरन्तरता दिन थप पहल गरिनेछ ।
- गर्भवती महिलाहरुको लागि नियमित निःशुल्क ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- प्राकृतिक योग चिकित्सा शिविर सबै वडामा संचालन गरिनेछ।
- नागरिक आरोग्य कार्यक्रमलाई प्रभावकारी बनाउन आयुर्वेद आरोग्य सेवा केन्द्र संचालनलाई निरन्तरता दिइनेछ ।
- नगर आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मनराको लागि यथोचित अत्यावश्यक औषधिको व्यवस्थापन गरिनेछ ।
- वडा नं. ३ र ४ मा बर्थिङ्ग सेन्टर स्थापना गर्ने कार्य अगाडी बढाइनेछ ।
- वडा नं. ९ बथनाहामा आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

## (ग) सामाजिक समावेशिकरण

- जातिय, लैङ्गिक, सांस्कृतिक, भाषिक, वर्गीय हिंसा, शोषण, कुरीति, कुप्रथा, विभेद, दुर्व्यवहार तथा मानव बेचविखन विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ ।
- एकल महिलाहरुको लागि जीविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ । साथै किशोर किशोरीहरुका लागि जीवन उपयोगी सीप/शिक्षा प्रदान दिइनेछ ।
- बालमैत्री, युवामैत्री स्थानीय शासनका पूर्वाधारहरू पूरा गरी बालमैत्री, युवामैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई वडा कार्यालय मार्फत क्रमागत सूचकहरु पुरा गराई वडाहरुलाई क्रमश घोषणा गर्दै लगिनेछ।
- बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि आपतकालीन बाल उद्धार कार्यक्रम संचालन गरिनेछ , स्थानिय बालकोष स्थापना गरिनेछ र बालबालिकाको खण्डिकृत तथ्याङ्क संकलन गरिनेछ ।

- ज्येष्ठ नागरिकहरुलाई सक्रिय जीवन बिताउन अभिप्रेरित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ र ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव र क्षमतालाई पुस्तान्तरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

- विपन्न वर्गको विकासका लागि तिनीहरुलाई विभिन्न व्यवहारिक सिपमुलक तालिम दिईनेछ र त्यसपश्चात उत्पादन भएको सामाग्रीको बाजारीकरण समेत नगरपालिकाद्धारा गरिनेछ ।

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

- बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- आपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री बनाउंदै लगिनेछ ।

- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विषेश जोड दिईनेछ।

- आपाङ्गता भएका व्यक्तीहरुका लागि उनिहरुको आवश्यकता बमोजिमको सहायक सामाग्री वितरण गरिनेछ ।

- आ.व. २०८२/०८३ को अन्त्य सम्ममा मनराशिसवा नगरपालिकालाई बाल विवाह मुक्त नगरपालिका घोषणा गर्ने गरी कार्यक्रमहरु बनाई लागू गरिनेछ।

-राष्ट्रिय परिचयपत्रलाई सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनसँग जोडी सेवा प्रवाहलाई सरल, मितव्ययी र प्रभावकारी बनाईनेछ।

- राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा भत्ता प्रणालीसंग पूर्ण रूपमा आवद्धता गरी Biometric verification मार्फत मात्र सामाजिक सुरक्षा भत्ता नविकरण तथा नयाँ दर्ता गरिनेछ । यस बाट वास्तविक लाभग्राहीको पहिचान हुने विश्वास गरिएको छ।

- सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज र पहुंच योग्य बनाउन अशक्त तथा बिना सहारा आफैं हिंडडुल गर्न नसक्ने लाभग्राहीहरूको पहिचान गरी लाभग्राहीको घरमै भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

## (घ) खानेपानी तथा सरसफाई

- मनराशिसवा नगरपालिका भित्रको खानेपानी डिप बोडिङ्गहरुमा TOD जडान कार्य गरिनेछ ।

- डिप बोडिङ्गबाट खानेपानी वितरणको लागी पाइपलाइन विस्तार गरिनेछ ।

- मनराशिसवा नगरपालिका भित्र खानेपानीको लागी Over Head Tank निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

- फोहोरमैला व्यवस्थापनको लागी मुख्य बजार तथा चौकहरुमा डस्टविनहरु राखिनेछ र फोहोरमैला विसर्जन गर्न डम्पिङ्ग साइटको सम्भाव्यता अध्ययन गरिनेछ ।

- मनराशिसवा नगरपालिका अन्तर्गतका पुराना कुलो, पैनि जिर्णोद्वार गरि संरक्षण गरिनेछ।

- कृषि सिंचाई प्रयोजनको लागि नगरपालिका भित्र कृषकहरुको लाभको लागि डिपबोडिङ्ग जडान कार्यलाई प्राथमिकता दिइनेछ।

## (ङ) कला, भाषा र संस्कृति

- स्थानीय कला, भाषा र संस्कृतिको जगेर्णा गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

## (३) पुर्वाधार विकास

## (क) सडक, पुल तथा यातायात, विद्युत

- निर्माण कार्य गुणस्तरीयताका लागी ल्याव परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक क्षेत्रमा फोहोर गर्ने व्यक्तीलाई जरिवाना गर्ने नियम ल्याएर नगर सौन्दर्यीकरणमा विशेष ध्यान दिइनेछ ।
- नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरुलाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईनेछ।
- संघीय सरकार, प्रदेश सरकार तथा निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठूला पुर्वाधार निर्माण कार्य संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्रका सडकहरुलाई क्रमशः ग्रेभल, पि.सी.सी. ढलान, आर.सी.सी. ढलान, कालोपत्रे तथा नाला निर्माण गरी स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्रभित्रका अत्यावश्यक भएको स्थानमा हयूमपाइप, कल्भर्ट तथा जैविक तटबन्ध योजनाको अवस्था हेरि निर्माण गरिनेछ ।
- नगरभित्र नगरबस सञ्चालन गर्न सुचारु भएका सडकहरु मुख्य प्राथमिकतामा राखिनेछ ।
- मनराशिसवा नगरपालिकालाई सँधै उज्यालो बनाउने नीति लिइनेछ , नगरभित्रको सबै विद्युतपोलहरूमा CFL बल्ब तथा स्ट्रीटलाइटहरु जडान कार्यलाई निरन्तरता दिइनेछ र मनराशिसवा नगरका सबै ग्रामीण क्षेत्रमा विद्युतीकरण कार्यलाई व्यवस्थित गरिनेछ ।
- वर्षायाममा पानीको निकास नभई हरेक वर्ष बाटो अवरुद्ध हुने समस्यालाई मध्यनजर गर्दै आवश्यक ठाउँहरुको पहिचान गरि ह्यूम पाइप, पाइप कल्भर्ट, बक्स कल्भर्ट तथा पुलको लागि पालिका स्तर तथा अन्य निकायबाट पहल गरिनेछ ।

## (ख) भवन तथा सहरी विकास

- वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- सरकारी / सार्वजनिक जग्गाहरुको संक्षणलाई मुख्य प्राथमिकतामा राखि अव्यवस्थित निर्माण कार्यहरू उपर प्रतिवन्ध लगाइनेछ ।

- नगर क्षेत्र भित्र ४ मिटर भन्दा कम चौडाई भएका सडकहरू विस्तार गरिएका वस्तीमा छलफल गरी फराकिलो बनाइनेछ ।

- पुराना भवनहरूको अभिलेखिकरण गरिनेछ।

## (ग) संचार

- नागरिक सेवा पारदर्शी, द्रुत, प्रभावकारी र नागरिकमैत्री बनाउन डिजिटल प्रविधिको विकास गरिनेछ ।

- नगरपालिका स्तरमा e-Governance Framework लागू गरी सेवा प्रणालीलाई पूर्णरुपमा डिजिटल बनाइनेछ।

- जनतालाई सूचनामा सहज पहुँच दिन नगरपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप, सामाजिक सञ्जाल र सूचना प्रवाहका डिजिटल पाटीहरू प्रयोगमा ल्याइनेछ। सबै वडामा डिजिटल डिस्प्ले बोर्ड जडान गरिनेछ।

- नगरपालिका सेवामा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी आधारभूत, मध्यवर्ती स्तरको आईटी तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- महिला, दलित, अपांगता भएका व्यक्ति, अल्पसंख्यक र ग्रामीण समुदायलाई लक्षित गरी डिजिटल साक्षरताका अभियान, आईटी जनचेतना तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- नगरवासीको निजी सूचना सुरक्षित राख्न साइबर सुरक्षासम्बन्धी मापदण्ड, डेटा ब्याकअप प्रणाली, तथा प्रयोगकर्ताको गोपनीयता सुनिश्चित गर्ने प्रणालीहरू विकास गरिनेछ।

- Digital Marketing, Online Marketing तथा E-Business सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

## (४) वातावरण तथा विपद व्यवस्थापन

- विपदको घटनाहरुको पूर्वानुमान गरी आवश्यकता अनुसार रोकथाम, पूर्वतयारी, प्रतिकार्यका साथै सो संग सम्बन्धित सचेतनाका कार्यक्रम प्रचार-प्रसार र सतर्कताका कार्यहरु सञ्चालन गरिनेछ ।

- स्थानीय विपद जोखिम न्युनीकरण योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रलयको स्विकृत मापदण्ड बमोजिम किटजन्य रोगको रोकथामका उपायहरु अवलम्बन गरिनेछ ।

- नगर सौन्दर्यीकरणका लागि सडक पेटीमा वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

- वारुण यन्त्र तथा अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धि कार्य गरिनेछ।

- clean and Green city" को अवधारणा अनुसार कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

- जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम संचालनलाई विशेष प्राथमिकता दिइनेछ ।

- सर्वजनिक शौचालय निर्माण गरी सो लाई थप व्यवस्थित गरिनेछ।
- विपद व्यवस्थापनका लागी विपद व्यवस्थापन कोष संचालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- दाउरा र गुईठा चुल्हा मुक्त पालिका निर्माण गर्न आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा शमसाम घाटको व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास

- मनराशिसवा नगरपालिका नगर कार्यपालिका तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा नागरिक वडापत्र जडान गरिनेछ।
- आम जनताको सेवाको पहुँचलाई सरल,सुलभ मितव्ययी र निश्चित समय भित्र पारदर्शि,गुणस्तरीय र सूचना प्रविधि मैत्री सेवा प्रवाह गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाईनेछ ।
- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कृत गरिने तथा समय समयमा कार्य क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिम संचालन गरिनेछ ।
- यस नगरपालिकामा कार्यरत कर्मचारीहरुले कार्यालय समय भन्दा बढी कार्य गरे वापत अतिरिक्त सुविधा, प्रोत्साहन भत्ता तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- सम्पूर्ण आम जनसमुदायको सूचनाको हक अधिकारको सुनिश्चितता गरिनेछ ।
- कर्मचारी कल्याण कोषको प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।
- कर प्रणालीमा सुधार गरी राजश्व वृद्धि प्रभावकारी वनाइनेछ ।
- संघ र प्रदेशबाट प्राप्त स्रोत तथा स्थानीय स्तरबाट प्राप्त हुने आन्तरिक श्रोतलाई यथोचित व्यपस्थापन गरी नगरपालिकाको समग्र विकासलाई जनमुखि र जनप्रिय बनाईनेछ ।
- सार्वजनिक परिक्षण कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यस मनराशिसवा नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरु (प्रशासन सेवा, शिक्षा सेवा, नगर प्रहरी, सहायक कम्प्यूटर अपरेटर, आदी) को समय सापेक्षलाई ध्यानमा राखी त्तलव भत्ता तथा अन्य सुविधा वृद्धि गरिनेछ ।
- करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई थप सुदृढीकरण गरिनेछ ।
- न्याय सम्पादन छिटो, छरितो जनमैत्री तथा प्रविधिमैत्री बनाइनेछ।

मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

- ऐन, नियम, नियमावली, कार्यविधि समय सापेक्ष परिमार्जन गरिनेछ।
- कार्यसञ्चालन द्रुत गतीमा अगाडी बढाउन आवश्यक कानून निर्माणमा जोड दिइनेछ ।
-आन्तरिक लेखा परिक्षण, अन्तिम लेखा परिक्षण, पेश्की तथा बेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने व्यवस्था मिलाईनेछ ।
- नगर प्रहरीको संगठन संरचनालाई थप व्यवस्थित बनाउनको लागी साधन, स्रोत र जनशक्ती थप व्यवस्थापन गरिनेछ।

## नगरसभा सदस्य ज्यूहरु

उल्लेखित नीति, कार्यक्रम कार्यान्वयनको लागी आ.व.२०८२/०८३ का लागी प्रस्तावित बजेट संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.सं. | विवरण | आ.व.२०८२/०८३ को अनुमाण |
|---|---|---|
| १ | १००२० राजश्व बाँडफाँडबाट प्राप्त रकम (संघीय सरकार) | रु. ११,१३,२५,७८४।- |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम (प्रदेश सरकार) | रु. ८५,५०,८५०।- |
| | संघीय सरकार | |
| ३ | १३३११ समानीकरण अनुदान | रु. १३,२४,००,०००।- |
| ४ | १३३१२ सशर्त अनुदान चालु | रु. २५,२३,००,०००।- |
| ५ | १३३१३ सशर्त अनुदान पुँजिगत | रु. ७९,००,०००।- |
| ६ | १३३१५ बिशेष अनुदान पुँजिगत | रु. ६८,००,०००।- |
| ७ | १३३१७ समपुरक अनुदान पुँजिगत | रु. १,०४,००,०००।- |
| | जम्मा | रु. ४०,९८,००,०००।- |
| | प्रदेश सरकार | |
| ८ | २६३३१ वित्तिय समानिकरण | रु. ९३,००,०००।- |
| ९ | २६३३२ सशर्त अनुदान | रु. ९५,००,०००।- |
| १० | २६३३३ बिशेष अनुदान | रु. ३०,००,०००।- |
| ११ | २६३३४ समपुरक अनुदान पुँजिगत | रु. २०,००,०००।- |
| | जम्मा | रु. २,३८,००,०००।- |
| १२ | आन्तरिक स्रोत | रु. १,४०,०५,०००।- |
| | कुल जम्मा | रु. ५६,७४,८१,६३४।- |

यसरी मनराशिसवा नगरपालिकाको अगामी आर्थिक वर्ष २०८२/०८३ को लागि कुल बजेट रु. छप्पन्न करोड चौहत्तर लाख एकासी हजार छ सय चौंतिस मात्र विनियोजन गरेको छु ।

**<u>आदरणीय उपस्थित सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,</u>**

नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभामा पेश भई सभाले स्वीकृत गर्ने हुँदा सारांश मात्रै प्रस्तुत गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु । नीति, कार्यक्रम तथा बजेटको दस्तावेज तयार गर्नु आफैंमा महत्त्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहँदैन। तसर्थ नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाइने छ । त्यसको लागि सम्बद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ। नगरपालिकाले आम नगरबासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गरेको व्यहोरा समेत सम्मानीत सभामा राख्न चाहन्छु ।

**अन्त्यमा,**

नगरको विकासका लागि मार्गदर्शनको रुपमा रहेको यो नीति, कार्यक्रम तथा बजेट तयार गर्न सहयोग गर्नुहुने नगर उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सभाको तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने सम्पूर्ण कर्मचारीहरु, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नुभएका सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दै नीति, कार्यक्रम तथा बजेटको सारांश प्रस्तुति यहीं अन्त्य गर्दछु ।

**धन्यवाद !**

**०९ अषाढ २०८२**

**मोहन पाण्डेय**
**नगर प्रमुख**